सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः १, संख्याः ७, भागः २

सिलीचोङ गाउँपालिका

तामकु, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## सिलीचोङ गाँउपालिकाको वैठक तथा भ्रमण खर्च सम्वन्धि निर्देशिका, २०७४

**प्रस्तावनाः** गाँउपालिकामा बस्ने बैठकहरु तथा पदाधिकारीहरुबाट हुने भ्रमणको खर्चलाई सुव्यवस्थित बनाउन गाँउ कार्यपालिकाबाट स्वीकृत गरि यो निर्देशिका लागू गरिएको छ ।

**१. गाउँ सभाको बैठक भत्ता सम्वन्धी व्यवस्थाः**

क) गाउँ सभामा उपस्थित पदाधिकारीहरुले प्रत्येक गाउँ सभा बैठकको प्रति १,५००।— (एक हजार पाँच सय) का दरले बैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यस गाउँ सभाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) गाउँ सभा सदस्य वाहेकका गाउँ सभा सञ्चालनमा सहयोग पुर्याउने ३ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन् ।

ग) सुरक्षा कर्मीको व्यवस्था गरिएको भए दुई जना सम्म सुरक्षा कर्मीले रु ३५०।— को दरले कर कट्टी नगरी खाजा खर्च पाउनेछन् ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**२. गाउँ कार्यपालिका  वैठक भत्ताः**

क) गाउँ कार्यपालिकाको उपस्थित पदाधकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु १,५००।— (एक हजार
पाँच सय) का दरले वैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा गाउँ  कार्यपालिकाको सचिवको भूमिका निर्वाह गर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) गाउँ कार्यपालिका सदस्य वाहेकका वैठक सञ्चालनमा सहयोग पुर्‍याउने ३ जना सम्मका कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन् ।

**३. वडा समितिको वैठक भत्ताः**

क) वडा समितिको वैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक वैठकमा प्रत्येक वैठकमा प्रत्येकले रु १००० (एक  हजार) का दरले वैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ । यसमा वैठकको सचिव कार्यगरेका वडा सचिव समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) वडा समिति सदस्य वाहेकका वैठक सञ्चालनमा सहयोग पुऱ्याउने१ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टी गरि भत्ता प्राप्त गर्नेछन् ।

ग) महिनामा ३ पटक सम्मका लागि वडा समितिको वैठकका लागि भत्ताको व्यवस्था हुनेछ ।

**४.विषयगत समितिहरुको वैठक भत्ताः**

क) विषयगत समितिको वैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक वैठकमा प्रत्येकले रु १,०००। एक   हजार ) का दरले वैठक भत्ता पाउनेछन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछन् । यसमा वैठकको सचिव कार्य गरेका कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

ख) विषयगत समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुर्‍याउने १ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

**५. बजेट निर्माण सम्वन्धी समितिहरुको वैठक भत्ताः**

क) बजेट निर्माण सम्वन्धी समितिको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु.

शिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

१००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ ।

(ख) बजेट समिति सदस्य बाहेकका बैठक संचालनमा सहयोग पुर्‍याउने २ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

ग) बजेट निर्माणमा खटिएका प्रमुख प्रसासकिय अधिकृत र राजस्व तथा लेखा शाखा प्रमुखलाई प्रोत्साहन भत्ता स्वरुप १.५ महिनाको तलवस्केल वरावर उपलव्ध गराइनेछ ।

**६. गाउँ सभा अन्तरगतका समितिहरुको वैठक भत्ताः**

क) गाउँ सभा अन्तरगतका समितिहरुको वैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ ।

ख) सदस्यहरु बाहेकका बैठक संचालनमा सहयोग पुर्‍याउने २ जना सम्म कर्मचारीले समेत एक हजारका दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

**७. भ्रमण खर्च सम्वन्धी व्यवस्थाः**

क) गाउँपालिकाको कामकाजमा भ्रमण प्रयोजनमा निमित्त गाउँपालिका अध्यक्ष र उपाध्यक्षले भ्रमण खर्च यमावली २०६४ वमोजिम द्वितीय तहले प्राप्त गर्ने भत्ता पाउनेछन् । त्यस्तै वडाअध्यक्ष र वडा सदस्यहरुले राजपत्र अंनकित प्रथम श्रेणीको कर्मचारीले पाउने वरावरको भत्ता पाउनेछन् ।

ख) भ्रमणमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण खर्च उपलव्ध हुनेछ । गोष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संस्थाले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी हुनेछैन ।

ग) उपाध्यक्ष र वडाध्यक्ष र वंडासदस्यको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

घ) गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको काज स्वीकृती प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

**८. आयोजना अनुगमन सम्वन्धमाः**

गाउँपालिकाबाट संचालित आयोजना अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेसी) वा अनुगमन तथा मुल्याङ्कन खर्चबाट अनुगमन मुल्यांकन भत्ता पाउनेछन् ।

**९) वैठकमा चिया खर्च सम्वन्धमाः**

माथि उल्लेख गरिएका वैठकमा सहभागी सदस्य तथा तोकिएको संख्याका सहयोगी कर्मचारीलाई प्रति वैठक रु २००।— (दुई सय) ले नवढ्ने गरी चिया र खाजाको व्यवस्था गर्नुपर्नेछ । उक्त रकम नगद वितरण गरिनेछैन ।

***आज्ञाले,***
मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय